विकास खबरपत्रिका राष्ट्रिय साप्ताहिक
कार्यालय:
थाहा नगरपालिका-४
मकवानपुर
सम्पर्क नं.
९८०७१५३३००
इमेल:
bikaskhabar@gmail.com

दामन भ्यु टावर पुन: सञ्चालनको तयारी । पृष्ठ ५ मा

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

# विकास

www.bikaskhabar.com खबरपत्रिका साप्ताहिक



● मकवानपुर, वर्ष-१६, अंक-०५ ● २०८० साउन २९ गते सोमबार, ● 14 Aug., 2023, ● नेपाल सम्वत्-११४३, ● पृष्ठ-६, ● मूल्य रु. १०/-

## (थाहाको वित्तिय प्रगति)


# पुँजीगत भन्दा चालु खर्च २० प्रतिशत बढी

विकास संवाददाता
थाहानगर

मकवानपुरको थाहा नगरपालिकाले आर्थिक वर्ष २०७९/०८० मा ८०.५९ प्रतिशत वित्तिय प्रगती हासिल गरेको छ। कुल १ अर्ब १९ करोड २६ लाख ११ हजार ८ सय ६२ रूपैयाँ बजेट रहेकोमा ९४ करोड ६३ लाख १३ हजार २ सय ५६ रूपैयाँ खर्च भएको नगरपालिकाले २५ साउनमा आयोजना गरेको आर्थिक वर्ष २०७९/०८० को वार्षिक समिक्षा कार्यक्रममा जानकारी दिइएको छ ।

सरकारको सर्वत्र चासोमा रहने पुँजीगत खर्च भने थाहा नगरपालिकाले ७०.९० प्रतिशत गरेको छ। ६७ करोड ८ लाख २० हजार ७ सय ६२ रूपैयाँ पुँजीगततर्फ विनियोजित बजेट मध्ये पालिकाले ४७ करोड ५२ लाख ६७ हजार २ सय २४ रूपैयाँ खर्च गरेको नगर पालिकाका आर्थिक प्रशासन शाखा प्रमुख हरि बहादुर खपाङ्गी मगरले जानकारी दिए । नगरपालिकाले चालुतर्फ ५२ करोड १७ लाख ९१ हजार १ सय रूपैयाँ बिनियोजन भएकोमा ४७ करोड १० लाख ४६ हजार ३१ रूपैयाँ अर्थात ९०.२७ प्रतिशत खर्च गरेको छ ।

पालिकाले खर्च गर्ने विभिन्न विषयगत क्षेत्र अन्तर्गत आर्थिक विकासमा ८ करोड ७६ लाख २१ हजार ७२३ बजेट विनियोजन भएकोमा ५ करोड १ लाख ५ हजार ४५४ रूपियाँ अर्थात ५७.१८ प्रतिशत खर्च भएको छ । आर्थिक विकासतर्फको कृषि ५६.७२ प्रतिशत, उद्योगमा ५१.१९ प्रतिशत पर्यटनमा ५१.०३ प्रतिशत सहकारीमा ४५.९४ प्रतिशत जलश्रोत तथा सिचाइमा ९३.७५ प्रतिशत र पशुपन्छी विकासमा ८२.३९ प्रतिशत खर्च भएको लेखा अधिकृत खपाङ्गीले जानकारी दिए ।




सामाजिक विकासतर्फ ४२ करोड २७ लाख ३५ हजार ६ सय ९८ रूपैयाँ विनियोजन भएकोमा ३६ करोड ८० लाख ३३ हजार ७ सय ८४ रूपैयाँ अर्थात ८७.०६ प्रतिशत खर्च भएको छ । यस अन्तर्गत शिक्षामा ९४.४३ प्रतिशत, स्वास्थ्यमा ७५.६१ प्रतिशत, खानेपानी तथा सरसफाइ ७१.८६ प्रतिशत, भाषा संस्कृति तर्फ ९१.१३ प्रतिशत, लैङ्गिक समानता तथा सामाजिक समावेशिकरणमा ७६.३७ प्रतिशत, युवा तथा खेलकुद ६६.०६ प्रतिशत र सामाजिक सुरक्षा तथा संरक्षणमा ८०.५५ प्रतिशत खर्च भएको छ ।


पूर्वाधार विकासतर्फ ४९ करोड ६३ लाख ५ हजार ७ सय १७ रूपैयाँ बजेट विनियोजन भएकोमा ३७ करोड ६५ लाख २४ हजार ३ सय ९२ अर्थात ७५.८७ प्रतिशत खर्च भएको छ। यस विषय क्षेत्र अन्तर्गत यातायात पुर्वाधारमा ७७.४८ प्रतिशत, भवन आवास तथा सहरी विकासतर्फ ७१.२९ प्रतिशत, उर्जामा ९६.३५ प्रतिशत, सूचना तथा प्रविधिमा ४०.०६ प्रतिशत तथा सम्पदा पुर्वाधारतर्फ ९६.८५ प्रतिशत खर्च भएको छ ।

सुशासन तथा अन्तरसम्बन्धीत क्षेत्रमा ६ करोड २० लाख १६ हजार २ सय १५ बजेट विनियोजन भएकोमा ३ करोड ४९ लाख ७ हजार १ सय ६० रूपियाँ अर्थात ५६.२९ प्रतिशतमात्र खर्च भएको छ । यस विषय क्षेत्रमा विपद व्यवस्थापनमा ४९.३२ प्रतिशत, मानव संसाधनमा ९३.०५ प्रतिशत, कानुन तथा न्यायमा ८६.५६ प्रतिशत, शासन प्रणालीमा ६४.४८ प्रतिशत, गरिबी निवारणमा २८.६२ प्रतिशत, श्रम तथा रोजगारमा ८७.२२ प्रतिशत, योजना तर्जुमा र कार्यान्वयनमा ८५.८६ प्रतिशत र अनुगमन तथा मूल्यांकनमा ५३.२२ प्रतिशत खर्च भएको छ ।

कार्यालय संचालन तथा प्रशासनिक क्षेत्रमा १२ करोड ३९ लाख ३२ हजार ५ सय ७ रूपैयाँ बजेट विनियोजन भएकोमा ११ करोड ६७ लाख ३२ हजार ४ सय ६४ रूपैयाँ अर्थात ९४.१९ प्रतिशत खर्च भएको समिक्षा कार्यक्रममा जानकारी गराइएको छ ।

१२ वटा वडा रहेको थाहामा वडागत उपशीर्षकमा विनियोजित बजेटमा ९३.६१ प्रतिशत खर्च भएको छ । वडागत उपशीर्षक अन्तर्गत १४ करोड ८० लाख रूपैयाँ बजेट विनियोजन गरिएकोमा १३

बाँकी पेज ६ मा




# क्याम्पस पढ्न वडा कार्यालयले बस भाडा दिने

◆ विकास संवाददाता

हेटौंडा उपमहानगरपालिका वडा नंम्बर १८ ले क्याम्पस पढ्न जाने विद्यार्थीहरूकालागि यातायात खर्च उपलब्ध गराउने भएको छ। वडाअध्यक्ष अनिल कुमार बानियाँले सूचना जारी गर्दै आफ्नो वडाबाट हेटौंडा बजारका क्याम्पसमा पढ्न जाने विद्यार्थीहरूलाई यातायात खर्चका लागि आवश्यक कागजात सहित ७ दिनभित्र उपस्थित हुन आह्वान गरेका छन् ।

साविक हर्नामाडी गाविसको सबै वडाहरू मिलेर बनेको हेटौंडा-१८ उपमहानगरको पूर्वी क्षेत्रमा पर्छ। त्यहाँबाट हेटौंडा बजारसम्मको दुरी १८ देखि २० किलोमिटर रहेको छ । त्यहाँका विद्यार्थीहरू दैनिक १५० देखि १८० रूपैयाँ बसलाई भाडा तिरेर हेटौंडा बजारमा




उच्चशिक्षा अध्ययनका लागि आउने गर्छन् । यातायात खर्चको अभावले गर्दा उच्चशिक्षा लिनबाट बन्चित हुन नपरोस् भन्ने उदेश्यले हर्नामाडीदेखि हेटौंडासम्म लाग्ने दुईतर्फी भाडा वडा कार्यालय बेहोर्ने निर्णय गरिएको वडाअध्यक्ष बानियाँले बताए । उक्त निर्णय आउँदो भदौ १ गतेबाट लागु हुने उनले बताए ।

जारी सुचनामा यातायात खर्चको सुविधा लिनका लागि विद्यार्थी वडा नं.१८ को स्थायी ठेगाना भएको हुने पर्ने उल्लेख छ । त्यस्तै आवश्यक कागजातहरू नागरिकताको फोटो कपी, विद्यार्थीको आमाबुवाको नागरिकताको फोटो कपी, पासपोर्ट साइजको फोटो, क्याम्पसको आईडी कार्ड र हस्तलिखित निवेदन रहेका छन् ।



प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७

# • सम्पादकीय •

## विपदमा स्थानीय तहको अग्रसरता आवश्यक

शनिबारदेखिको लगातारको वर्षाले विभिन्न जिल्लामा जनधनको क्षति भइरहेको छ । ठाउँ–ठाउँमा पहिरोले सडक अवरुद्ध हुँदा यात्रुहरु अलपत्र परिरहेका छन् । बाढी पहिरोको जोखिम क्षेत्रका नागरिकहरुको दैनिकी डर त्रासमा बितिरहेको छ । राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको तथ्यांक अनुसार पछिल्ला १० वर्षमा बाढी पहिरोका चार हजार भन्दा बढी घटना भएका छन्, जसबाट दुई हजार भन्दा बढीको ज्यान गएको छ । यो वर्ष पनि मनसुन शुरु भएको केही दिनमै असार पहिलो साता पूर्वी पहाडमा बाढीपहिरो जाँदा ठूलो मात्रामा जनधनको क्षति भयो । त्यसको दुई महिना नबित्दै विपत् देशभर विस्तार भएको छ । गएको वैशाखयता बाढीबाट ११ जना र पहिरोबाट ३८ जनाको ज्यान गइसकेको सरकारी तथ्याङ्क छ । नदीमा पानीको बहाव बढेको देखिनेबित्तिकै नदी तटीय क्षेत्रमा उच्च सतर्कता अपनाउन जल तथा मौसम विज्ञान विभाग, बाढी पूर्वानुमान महाशाखाले सावधानी अपनाउन अनुरोध गर्दै आएको छ । महाशाखाले एसएमएस र सामाजिक सञ्जालमार्फत बाढीको पूर्वानुमान र त्यससम्बन्धी सतर्कता अपनाउन भन्दै सूचित गरे पनि त्यो सूचनालाई गम्भीरताका साथ लिने गरिएको छैन । यस्तो सूचनालाई गम्भीरताका साथ नलिँदा बाढीका कारण यो वर्ष मात्रै ११ जनाको ज्यान गएको छ ।

सरकारले जल तथा मौसम विज्ञान महाशाखामार्फत जारी गरेका यस्ता सूचनालाई सञ्चार माध्यमहरुले पनि व्यापकरुपमा प्रकाशन प्रसारण गर्दै आएका छन् । यसरी स्थानीय स्तरसम्म पुऱ्याएको यस्तो सूचनालाई स्थानीय सरकार र हरेक नागरिकहरुले गम्भीरतापूर्वक लिनु अति नै जरुरी छ । तर वर्षातजन्य विपत्का घटना भइरहँदा यस्तो सरकारी सूचनालाई स्थानीय विपत् व्यवस्थापन सम्बन्धी निकाय र नागरिकले वेवास्ता गरेको पनि भन्न सकिन्छ । हरेक किसिमको विपत्का घटनासँग जुध्नका लागि केन्द्रदेखि प्रदेश हुँदै स्थानीय तहसम्म विपत् जोखिम, न्यूनीकरण, उद्धार तथा प्रतिकार्य योजनाहरू निर्माण गर्नुपर्ने कानुनी व्यवस्था छ । त्यसका लागि सबै तहका सरकारहरूले योजना बनाउने, जोखिमको न्यूनीकरण गर्ने, पूर्वतयारी, प्रतिकार्य, खोज–उद्धार कार्य, राहत र पुनःस्थापना सम्बन्धी योजनासँगै बजेट पनि विनियोजन गरिएको हुन्छ । स्थानीय तहमा वडा तहसम्म विपत् आपत्कालीन कार्य सञ्चालन केन्द्र बनाउने भनिएको छ । त्यस्ता केन्द्रहरूमा २४ सै घण्टा तैनाथ जनशक्तिहरू हुनुपर्ने, केन्द्रबाट नै सूचना संकलन तथा प्रसारण गर्नुपर्ने भन्ने छ । तर सबै क्षेत्रमा यस्ता संरचना बनिसकेका छैनन् ।

स्थानीय तहहरुले कम्तिमा पनि मौसम पूर्वानुमान सम्बन्धी प्रवाह गरिएका सूचनालाई गम्भीरतापूर्वक लिनसके पालिकास्तरका संरचनाले पनि धेरै क्षति रोक्न सकिन्छ । पालिकाहरुमा संघीय सरकरले कल्पना गरेको विपत् आपत्कालीन कार्य सञ्चालन केन्द्रहरु स्थापना तथा चलायमान गराई उक्त संरचनाबाट सूचना तथा सन्देश प्रवाह गर्न आवश्यक छ । जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाले मनसुनी वर्षा अझै केही दिन जारी रहने देखाएको छ । संभावित जोखिममा रहेका नागरिकलाई सही समयमा सचीत सन्देश प्रवाह गरी सतर्कता अपनाउन स्थानीय सरकार अग्रसर हुनुपर्दछ ।


### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*

### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |


# स्थानीय राजस्व परिचालन सुधारका क्षेत्रहरू



◆गोपीनाथ मैनाली

वित्तीय निर्णय स्थान र कार्यान्वयन स्थलबीच दूरी जति घट्छ त्यसैको सापेक्षिता निर्णयको प्रभावकारिता बढ्छ भन्ने मान्यतामा वित्त विकेन्द्रीकरणको अभ्यास भएको हो । यो कर र विनियोजनबीच प्रत्यक्ष सम्बन्ध खोज्ने विधि हो, जसको प्रतिपादन वित्तशास्त्री रिचर्ड मस्ग्रेभले १९५९ तिर गरेका र डब्लूओएटसले १९७२ तिर समृद्ध बनाएका थिए । वित्तीय विकेन्द्रीकरणको यही सिद्धान्तलाई वित्तीय सङ्घीयताका नाममा लिन थालिएको छ ।

वित्तीय सङ्घीयताको सिद्धान्तले सङ्घीय शासन प्रणाली स्थानीय समस्या समाधान गर्न कार्यकुशल र प्रभावकारी हुन्छन् भन्ने मान्यता राख्छ । टिबोउट र ओएटको विकेन्द्रीकरण सिद्धान्तले आर्थिक तथा प्रशासनिक लागत कम हुने स्थानबाट नागरिक सेवा व्यवस्थापन गरिनुपर्छ भन्दछ । विकेन्द्रीकरणको उच्चस्तरको अभ्यास संघीयता हो, जहाँ स्थानीय साधन परिचालनलाई संघीयता कार्यान्वयनको महत्वपूर्ण आधार मानिन्छ ।

विश्वमा २८ मुलुकमा संघीय शासन पद्धति भए पनि कुन शासकीय तहलाई कस्तो र कति राजस्व अधिकार निक्षेपण गर्ने भन्ने स्वीकार्य ढाँचा छैन । राजस्वको प्रकार, आयतन र राजस्व परिचलान जिम्मेवारीको विषय मुलुकले अवलम्बन गरेको सङ्घीयता, कार्यसंस्कृति, ऐतिहासिक पक्ष एवम् शासकीय क्षमताका आधारमा निर्धारण हुने गर्छ । तर हिक्सले राजस्व अधिकारका सन्दर्भमा तीन कुरा महत्वपूर्ण हुने धारणा राखेका छन् । पहिलो, राजस्वको अधिकार तलमाथि गर्न सकिने वा स्वविवेकीय हुनुहुँदैन, निश्चित हुनुपर्छ, दोस्रो प्रशासनिकरूपमा संकलन गर्न सकिने हुनुपर्छ र तेस्रो कराधारको स्थानीयताको सिद्धान्तलाई महत्व दिएको हुनुपर्छ ।

नेपालको संविधानले शासकीय तहलाई जिम्मेवारी, अधिकार, स्रोत र जवाफदेहिताको प्रक्षेपण गरेको छ । संविधानको धारा ५९ को उपधारा (१) मा संघ, प्रदेश र स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्रको आर्थिक अधिकार सम्बन्धी विषयमा कानुन बनाउने, वार्षिक बजेट बनाउने, निर्णय गर्ने, नीति तथा योजना तयार पार्ने र त्यसको कार्यान्वयन व्यवस्था गर्ने कुरा उल्लेख छ । उपधारा (२) मा संघले साझा सूचीका विषयमा र आर्थिक अधिकारका अन्य क्षेत्रमा प्रदेशलाई समेत लागू हुने गरी आवश्यक नीति, मापदण्ड र कानुन बनाउन सक्ने अधिकार व्यवस्था गरेको छ ।

नेपालमा वित्तीय सङ्घीयता अभ्यासको विस्तृत समीक्षा गर्ने अवधि भइसकेको छैन भने पनि हुन्छ । २०७४ को निर्वाचनपछि क्रियाशील भएका स्थानीय सरकारहरूले आफ्नो पहिलो कार्यावधि समापन गरी गत वर्ष सम्पन्न निर्वाचनपछि दोस्रो कार्यावधि सुरू गरेका छन् । जम्माजम्मी ६/७ वर्षमा पनि पहिलो आर्थिक वर्ष निर्वाचनको सयममा खासै कार्यसम्पादन गर्न नपाएकाले केवल ६ आर्थिक वर्ष वित्तीय अभ्यास भएको छ । यस अवधिलाई संघीयता अभ्यासको लामो अवधि मान्न सकिँदैन । तर अभ्यासको सुरू दिनदेखि नै वित्तीय सवलता कायम गर्न भने उद्यत रहनुपर्छ । यस आधारमा विश्लेषण गर्दा भने प्रदेश तथा स्थानीय तहलाई हस्तान्तरण गरिएको राजस्व अधिकार अपेक्षितरूपमा अभ्यास हुन सकेको छैन ।

आर्थिक बर्ष २०७६/७७ मा प्रदेश सात प्रदेश सरकारको बजेट २४३ अर्बको बजेटमा १०७ अर्ब आफ्नो राजस्वको हिस्सा थियो भने स्थानीय तहको २६५ अर्बको बजेटमा १५४ अर्ब मात्र आफ्नो राजस्वको अंश थियो । त्यस्तै, आर्थिक वर्ष २०७७/७८ मा प्रदेशको कुल बजेट ३३७ अर्बमा राजस्वको अंश २५४ मात्र थियो । स्थानीय तहको ५१९ अर्बको कुल बजेटमा आफूले संकलन गरेको राजस्व तीन दशमलव ८९ प्रतिशत मात्र थियो, अधिकांश भाग वित्तीय हस्तान्तरण र अनुदानबाट व्यहोरिएको थियो । प्रदेश तहको कुरा गर्दा पनि करिब कुल बजेटमा नौदेखि १४ प्रतिशत मात्र आन्तरिक संकलन गरेका छन् ।

स्थानीय तथा प्रदेश तहमा आन्तरिक राजस्व परिचालनको स्तर कमजोर हुनुले केही महत्वपूर्ण कुराको संकेत गर्छ । पहिलो स्थानीय तथा प्रदेश सरकारहरू प्रणाली विकासमा कति सक्षम छन् भन्ने देखिन्छ । भएका स्रोतहरूको राजस्व संकलन गर्ने शक्ति स्थानीय शासनको सामर्थ्य हो । प्रदेश तहमा सापेक्षिकरूपमा करका आधारहरू कम हस्तान्तरण भए पनि गैरकर राजस्वको आधार धेरै छ । तर स्थानीय तहमा कर तथा गैरकर दुवैको आधार धेरै छन् । सम्पत्ति कर बृहत् आधार भएको राजस्व हो, जसको तथ्याङ्कीय आधार समेत तयार भएको छैन । बहाल तथा व्यवसाय करलाई पनि कर आधारमा ल्याइएको छैन । कतिपय पहिचान नै नभएका राजस्वका क्षेत्रहरू छन्, जसलाई तहहरूले खासै ध्यान दिएका छैनन् ।

राजस्व परिचालन गर्न सक्ने कानुनी हैसियत भएर पनि कार्यान्वयनमा नआउनुले स्थानीय जनताप्रतिको उत्तर दायित्व निर्वाहको कमजोर स्थितिलाई पनि इङ्गित गर्छ । स्थानीय कराधार र प्रभाव भएको व्यावसायिक क्षेत्रमा कर लगाउनु र त्यसलाई करदाताकै हितमा पुनविनियोजन गरेर नै स्थानीय आर्थिक क्रियाकलापको आधार खडा हुने गर्छ, जुन कार्य हुन सकेको छैन । सङ्घीयता कार्यान्वयन भए पनि स्थानीय आर्थिक संरचना निर्माणमा प्रदेश र स्थानीय सरकारले प्राथमिकतामा राख्न सकेका छैनन् । आफैँले लगानी गरेर सिर्जना गरेका संरचनाबाट सेवा शुल्क आर्जन गर्न सेकेका छैनन् । निर्वाचित प्रतिनिधिहरूमा सङ्घीय सरकारको वित्तीय अनुदानमा मात्र उद्यत रहने प्रवृत्तिले स्वायत्तता र स्वयम् व्यवस्थापनको शक्तिलाई साँघुऱ्याएको छ । प्रभावकारी राजस्व परिचालन जनविश्वास आर्जन गर्ने आधार पनि हो, जसको अभाव अहिलेको अवस्था हो ।

वित्तीय कोणबाट सङ्घीयतालाई समस्या वा चुनौती मात्र देख्ने गरिएको छ तर यसले अवसरका नयाँ क्षेत्रमा आशा लाग्दा परिस्थितिको सिर्जना पनि गरेको छ । चुनौतीहरू सजिलै देखिएका छन् । जस्तो कि राजस्वका स्रोतहरूको तहगत हस्तान्तरण भएको छ, संकलित साधनको विभाजन छ तर सङ्कको घट्दैन, प्रतिबद्ध खर्चको आयतन विस्तार भएको छ, राजस्व परिचालन र खर्च क्षमता विकास भएको छैन । प्रणाली निर्माणका चुनौती ठूलो छ, बाह्य स्रोत परिचालन र विवाद समाधानको लागत पनि बढ्दै छ । साँघुरो फिस्कल स्पेस साँघुरो भएको छ । यिनै आधारमा संघीय प्रणालीमाथि आलोचना पनि हुने गरेको छ । तर अवसर का कुरा गर्न राजस्व परिचालन नै विस्तार हुने सम्भावना छ । नयाँ स्रोत पहिचानको अवसर छ । दक्षता वृद्धि गरी साधन उपयोग क्षमता विस्तार गर्न सकिन्छ । व्यवस्थापन लागत घटाइ खर्च प्रणालीमा सुधार गर्न सकिन्छ । संस्थागत दक्षता र सेवा लागतमा सुधार हुन सक्छ । कार्यक्रम र सेवा व्यवस्थापन सहकार्यका क्षेत्र विस्तार भएको छ । आयोजना व्यवस्थापनमा कुशलता ल्याउन सकिन्छ । खर्च केन्द्रहरू घटेका छन्, अनौपचारिक अर्थतन्त्रको आयतन घटाउन सकिने अवस्था छ । यसर्थ सतकर्तापूर्वक व्यवस्थापन गर्दा अनेकौँ अवसर हात लाग्न सक्छन् ।

सङ्घीय प्रणाली नेपालको लागि नयाँ व्यवस्था हो, सिक्दै अभ्यासलाई परिमार्जन गर्दै जाँदा मात्र अवसरहरू सिर्जना र उपयोग गर्न सकिन्छ । सांकेतिकरूपमा केही सुझावहरू यहाँ राख्ने प्रयास गरिएको छ । जस्तो कि वित्तीय अधिकार र व्यवस्थापनको साझा बुझाइ विकास भइसकेको छैन । शासकीय तहले आ–आफ्नै रूपमा बुझ्ने, अधिकारप्रति उत्साह देखाउने तर जिम्मेवारीप्रति उदासीन बन्ने प्रवृत्ति देखिएको छ । निर्वाचित पदाधिकारीमा यस विषयमा अभिमुखीकरण आवश्यक छ । साथै, स्थानीय स्रोत नक्सांकन गरिएको छैन । आफ्नो कार्य क्षेत्रका स्रोत नक्सा। न तथा प्रोफाइलिङ्बाट त्यसलाई उपयोग गर्ने आधार खडा हुन सक्छ । आफूले संकलन गर्ने राजस्वको तथ्यांकीय आधार तयार छैन । स्थानीय तथा प्रदेश सरकारहरूले नागरिक तहको तथ्यांकीय आधार तयार गर्ने र त्यसलाई संकलन गर्ने रणनीति बनाउनुपर्छ । जस्तो कि पालिकाहरूमा सम्पत्ति करको अधिकार छ । यो कर संकलन गर्न पनि जटिल छ । प्राविधिक आधार तयार गर्दै करदाताको विश्वास जित्ने रणनीति लिनु आवश्यक छ ।

करको दायरामा नआएका क्षेत्रहरू पहिचान गर्नु आवश्यक छ । स्थानीय तथा प्रदेश सरकार प्राकृतिक साधनको व्यवस्थापनमा निकै उदासीन छन् । तर ढुङ्गा, गिटी, बालुवा, पानीका विषयमा निकै उदार छन् । यस्ता प्राकृतिक साधनको उग्रदोहनले तत्कालका लागि

*बाँकी पृष्ठ ३ मा*

# सपना: सच्चा कि झूटा ?

आजसम्म पनि रहस्यवादमै रहेको विषय हो, स्वप्न । स्वप्न अर्थात सपना । सपना एउटा अमूर्त विषय हो, यद्यपि यो प्रत्येक व्यक्तिको जिवनसँग जोडिएको हुन्छ । सपना देख्नु सामान्य कुरा होइन ।

मानव मनका मर्मज्ञहरू भन्छन् –सपना तपाईको व्यक्तित्वको अव्यक्त परिचय हो । तपाईको भूत र भविष्यबारे वर्तमानको अभिव्यक्ति हो । तपाईको अन्तर्मनका सुषुप्त वृत्तिहरूको बाहिरी बमन हो । त्यसैले सपना देख्नु जान्नु एउटा ठूलो कौशल हो । यहाँ सपनाको विविध पक्षमागि अनुशीलन गरिनेछ । यसको ध्येय आत्मीय पाठकवृन्दलाई इच्छित स्वप्नकलामा रमाउन सिकाउनु र यसद्धारा आनन्दित वा लाभान्वित हुन प्रेरित गर्नु हो ।

## बुद्धत्वको सुरुवात स्वप्नबाटै

किशोरावस्थाका राजकुरमा सिद्धार्थको जीवनको घटना हो । कुनै रात उनी जब निद्रामा थिए, उनले एउटा सपना देखे । सपनाका उनले देखे कि एक जना श्वेतवस्त्रधारी वयोवृद्ध दिव्य पुरूष प्रकट भए । उनको हात समातेर शमशानतर्फ लिएर गए । त्यहाँ उनले एक मृतशरीरतर्फ संकेत गर्दै भने, हेर । यो तिम्रो लास हो ।

केही क्षणपछि सपना टुट्यो, निन्द्रा खुल्यो । उनी भावविह्वल थिए । तत्क्षण उनले निश्चय गरे कि अब यो अदभूत सपनाले देखाएको रहस्यलाई बोध गर्नु मेरो भावी जीवनको ध्येय हुनेछ । उक्त घटनाको केही समयपछि उनी सम्पूर्ण राजकाज त्यागेर बुद्धत्वको यात्रामा अग्रसर भए । महात्मा बुद्धको जीवनको यो प्रसंगले मानव जीवनमा सपनाको मूल्य र रहस्य कस्तो हुन्छ भन्ने तथ्य राम्ररी उजागर गरेको छ ।

हामीमध्ये धेरैजसो व्यक्ति सपना त देख्छौ । तर हामीले देख्ने सपनामा अर्थहीन, रसहीन र दिशाहीन दृश्यको मात्रा बढी हुन्छ । यदाकदा अर्थपूर्ण सपना आइहाले तापनि त्यसको अभिप्राय र सन्देशलाई बुझ्न नसकेको कारण त्यसको संकेत हामी बेवास्ता गर्न पुग्छौं ।

## कदापि निरर्थक हुन्न सपना

जीवनका जे जति पाटा छन्, तिनको कुनै न कुनै अर्थ र गरिमा अवश्य छ । अवश्य नै सपना कुनै निरर्थक बस्तु होइन् । यथार्थ नबुझेसमम श्रीखण्डको टुक्रा पनि खुर्पाको विंड मात्रै त हो । स्वप्नवेत्ताहरू भन्छन्, कुनै कुनै बेला स्वप्न प्रेरह र मार्गदर्शन बनेर आउँछ । त्यस्तो सपनाले जीवनको स्वरूप र दिशासमेत बदल्न सक्छ । अध्यात्म विज्ञानका अध्येताहरूको भनाईअनुसार कहिलेकाँही



सपना भविष्यमा हुने अनिष्टको पूर्वसंकेतका रूपमा पनि आउने गर्छन् । अर्न्तमुखी र एकाग्र चित्त हुनेहरू भर्नौ कि आध्यामिक प्रवृति भएकाहरूले त्यस्तो संकेतलाई सजिलै बुझ्छन् र आगतका जोखिमहरूबाट जोगिन्छन् । यस दृष्टिले मनन गर्दा स्वप्न पूर्वाभास विज्ञानको एउटा महत्वपूर्ण माध्यम पनि हो । कतै तपाई हामी पनि स्वप्नलाई बेवास्ता गरेर आफूलाई बुद्ध बन्ने सम्भावनाबाट वञ्चित गरिहेका त छैनौं ।

## सपना कि कल्पना ?

ब्यूझिएका बेला देखिने सपनालाई कल्पना भनिन्छ । र, निदाएको बेला गरिने कल्पनालाई सपना भनिन्छ । सपना होस् या कल्पना यिनको माध्यमबाट हाम्रो मन अभिव्यक्ति हुन्छ । सपना कहिले सही हुन्छ, कहिले भूटा । त्यस्तै कल्पना कहिले यर्थाथपरक हुन्छ, कहिले अयथार्थ । मनले गर्ने कल्पना नियन्त्रण या संयम गर्न सकिने कुरा हो । तर समान्यतया के देख्ने या फलानो दृश्य नदेख्ने भनेर नियन्त्रण गर्न सकिन्दैन । वैज्ञानिक तथा मनोवैज्ञानिकहरू आजसम्म पनि सपनाको अर्थ र रहस्यलाई लिएर अध्ययन गरिहेका छन् ।

सपना वास्तवमा के हो रू यो कुरा सपनाको श्रष्टालाई जेजति अनूभूति हुन्छ, त्यो नै सपनाको यर्थाथ अभिप्रायः हो । स्वप्नविज्ञानको व्याख्या गरिहँदा के भन्न मन लाग्छ भने सपनाको विष्लाई लिएर तपाई पनि एउटा मनोबैज्ञानिक बन्नुहोस् । यसको रहस्य र विज्ञानबारे तपाई पनि निरन्तर आफ्नो स्तरको खोज गरिरहनुहोस् ।

यसबारे प्रकाशित हुने लेखरचना तथा बेलाबेलामा उद्घाटित हुने शोध निष्कर्षहरूको अध्ययन विश्लेषण गर्दै रहनुहोस् । यो नै तपाईको स्वप्नशैली हुनेछ ।

## सपनाको मनोविज्ञान

प्रसिद्ध अमेरिकी अन्वेषक एडबिन डायमन्डले सपनाको रहस्यमयी विज्ञानका क्षेत्रमा अनेकौं अनुभव बटुलेका छन् । उनी आफ्नो शोधनिष्कर्षलाई एक ठाउँ समेतेर भन्छन्, औसत व्यक्ति राति निन्द्रामा पाँच या छ पटक सपना देख्ने गर्छन् । सपना नदेख्ने व्यक्ति फाट्टफुट्ट अपवादका रूपमा मात्र भेट्टाइन्छ ।

स्वप्नविशेषज्ञ डायमन्डको कथनबाट के स्पष्ट हुनछ भने आहार, श्वासप्रश्वास, यौन जस्तै सपना देख्नु पनि मनुष्यको मनोवैज्ञानिक आवश्यकता हो । कसैले सपनै देख्दैन या निद्रामा सपनै आउँदैन भन्छ भने त्यो चाहि कुनै रोग हुनसक्छ । सपना देख्ने गर्नाले नै मानसिक रूपले स्वस्थ र प्रसन्न हुने प्रेरणा मिल्दछ, डायमन्डको यो अर्को भनाइले सपनाको मनोविज्ञानलाई अझ प्रस्ट्याएको छ ।

शोत्र अनुसन्धानकै आधारमा उनले भनेका छन्, जो व्यक्ति सपना पटक्कै नआओस् भनेर सपना नदेख्ने प्रयास गर्छ, उसको मानसिक सन्तुलन बिग्रन जान्छ र मतभ्रमको सिकार हुन्छ ।

अध्ययनकर्ताहरूले एक समान्य सपनाको लम्बाई लगभग २० मिनेट हुने तर्क दिएका छन् । थाहा भएकै कुरा हो निद्राका बेला जब रेम स्लिप हुन्छ स्वप्न तब मात्रै देखिन्छ ।

## सपनाको लम्बाई, सपनाको गहिराइ

निद्रा दुई प्रकारका हुन्छन् । रेम स्लिप अर्थात क्रियाशील निद्रा र स्लिप अर्थात शान्त निद्रा । सपना सदैव क्रियाशील निद्राका बखत मात्रै देखिने गर्छ । क्रियाशील निद्रामा व्यक्तिको आँखाको गतिविधि तीव्र हुन्छ । आँखाका दाना, परेला तथा आँखाभौं परैबाट हल्लिएको चाल पाइन्छ ।

सिनेमा हेर्दा अथवा टेलिभिजन हेर्दा आँखाको नानीको जस्तो अवस्था हुन्छ । सपना देख्दा पनि ठीक त्यस्तै गतिविधि हुन्छ । मनशास्त्रीहरूको अभिमतअनुसार निदाएपछि एक घण्टा बित्दा नबित्दै पहिलो सपना देखिन्छ । सपना देखिरहेको बेला कोल्टे फेर्ने या दायाँबायाँ पल्टिने चेष्टा कसैले गर्दैन । यो सपनाको विशेषता हो ।

## सपना द्धुई प्रकारको

आधुनिक मनोवैज्ञानिक स्वप्नवेत्ताहरूले मानवीय सपना दुई प्रकारको हुन्छन् भनेका छन् । पहिलो, सक्रिय र दोस्रो निष्क्रिय । सक्रिय सपना अर्न्तगत व्यक्ति आफु स्वयम् सपनाको दृश्यमा संलग्न हुन्छ । निष्क्रिय किसिमको सपना त्यो हो, जसमा व्यक्ति कुनै दृश्यको दर्शक या श्रष्टा बनेर सपना देखिरहेको हुन्छ । तर आफू कुनै भूमिका निभाइरहेको हुँदैन । दोस्रो प्रकारको सपना बढी संकेतात्मक र प्रेरक प्रकृतिको हुने गर्छ ।

मस्तिष्कमा मनोदशा र अवस्थाअनुरूप विभिन्न किसिमका उर्जातरंगहरू निस्किरहेका हुन्छन् । जाग्रत या अर्धजाग्रत अवस्थामा मस्तिष्कमा अल्फा तरंग फैलाएको हुन्छ । जाग्रतमा जस्तै स्वप्नावस्थामा पनि मस्तिष्कमा अल्फा तरंक निस्कने गर्छ ।

## शास्त्रीय मान्यतामा

स्वप्नप्रकाशिका नामक शास्त्री ग्रन्थअनुसार स्वप्न सात प्रकारका हुन्छन्:

दृष्ट श्रुतो अनूभूतश्व प्रार्थिवः
कल्पितस्तथा ।
भाविको दोषजश्चैव स्वप्नः सप्तविधो
विधुः ॥

*(डा. राजु अधिकारीको पुस्तक "आखिर रोज्ने के" पुस्तकबाट साभार ।)*

## स्थानीय राजस्व... .


साधन प्राप्त भए पनि भविष्यलाई संकटापन्न बनाउँदै छ । यसर्थ कहाँको कति परिणाममा कुन स्रोत उपयोग गर्ने हो, प्राविधिक अध्ययन गरी विवेकशील निर्णय गर्नुपर्छ ताकि प्राकृतिक प्रक्रियाले उत्खनन् हुने वस्तुको पुनर्भरण गर्न सकियोस् ।

जटिल प्रकृतिका करका लागि पालिकाहरूबीच, पालिका र प्रदेशबीच सहकार्य गर्ने पद्धति विकास गर्नुपर्छ । यस प्रकारको सहकार्यले सरकारमा विश्वासको वातावरण बन्ने क्रमसँगै राजस्व परिचालन क्षमता पनि विस्तार हुन्छ । विनियोजनमा प्रियतावादी सोच र राजनीतिक दृष्टिकोणको सट्टा निश्चित मापदण्ड अपनाएर कर आर्जन गर्ने क्षमता र नागरिक विश्वास जित्ने रणनीति लिनुपर्छ । कार्यक्रम कार्यान्वयनमा लागत सहभागिता, श्रम सहभागिता, लाभग्राही साझेदारी र उपभोक्ता समितिजस्ता विधिलाई अवलम्बन गर्दा अतिरिक्त साधन परिचालन हुने, मूल्य अभिवृद्धि हुने, आयोजना व्यवस्थापनमा सुशासन हुने सम्भावना बढ्छ । अहिले धेरै स्थानीय सरकारहरू साधन अपव्ययको प्रश्नमा रहेको सन्दर्भमा यो गतिलो कार्यमूलक जवाफ हुन सक्छ ।

प्रदेश र स्थानीय तहहरू आर्थिक क्रियाकलाप विस्तार गरी आन्तरिक आय बढाउनभन्दा अनुदान र वित्तीय हस्तान्तरण लिनमा रमाएका छन् । निजी तथा सामुदायिक क्षेत्रसँग सहकार्य गरी वित्तीय भार घटाउन उद्यत हुनु आवश्यक छ । स्थानीय तथा प्रदेश सरकारमा वित्तीय क्षमता विकास गरी प्राप्त साधनको गुणस्तरीयता खर्च गर्नुपर्ने आवश्यकता छ ।

जनताको सबैभन्दा नजिकको सरकार सबैभन्दा उत्तरदायी हुन्छ भन्ने पुष्टि हुन सकेको छैन । स्थानीय तहमा कार्यक्रम, बजेट र खर्चको आन्तरिक नियन्त्रण प्रणाली निकै कमजोर छ । वार्षिक आयव्यय र कार्यक्रम खर्चको अन्तिम लेखा परीक्षण महालेखा परीक्षकले गरे पनि उसले औँल्याएको व्यहोरा फर फारक गर्ने काम पालिकामै हुँदा नियन्त्रण र सन्तुलन एवम् वित्तीय जवाफदेहिताको मान्यता उपेक्षित छ । यसर्थ पालिकाको आम्दानी खर्चलाई आवधिकरूपमा सार्वजनिक गरी नागरिक विवेचना पद्धति बसाल्नु आवश्यक देखिएको छ ।

*–आर्थिक दैनिकबाट साभार*






प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
www.bikaskhabar.com
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७

# प्याब्सनले नगर प्रमुखलाई बुझायो ध्यानाकर्षण पत्र



◆ विकास संवाददाता

निजी तथा आवासीय विद्यालय अर्गानाइजेशन नेपाल (प्याब्सन) ले देशभरका स्थनीय सरकारलाई ध्यानाकर्षण पत्र बुझाउने कार्यक्रमअन्तर्गत थाहा नगर प्याब्सनले पनि नगर प्रमुखलाई ध्यानाकर्षण पत्र बुझाएको छ । विद्यमान शिक्षा ऐन २०२८ लाई प्रतिस्थापन गर्नका लागि तयार गरिएको "विद्यालय शिक्षा सम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक-२०८०" सरोकारवालाका सुझावहरूलाई वेवास्ता गरी तयार गरि संसदमा टेवल गर्ने तयारी गरेको बिरोधमा प्याब्सनले आन्दोलनका कार्यक्रम सार्वजनिक गर्दै बुधबार ध्यानाकर्षण पत्र बुझाएको हो ।

प्याब्सन थाहानगरका अध्यक्ष सुरेन्द्रमान प्रधानसहित गएको प्याब्सन थाहानगर टोलीले नगर प्रमुख विष्णु बहादुर बिष्टलाई ध्यानाकर्षण पत्र बुझाएको हो । "विधेयकमा राखिएका कतिपय प्रावधानहरू निजी लगानीका संस्थागत विद्यालयहरू प्रति पूर्वाग्रही मात्र नभएर संविधान विपरित, अव्यवहारिक र अन्यायपूर्ण समेत भएको हामीले महसूस गरेका छौं ।" ध्यानाकर्षण पत्रमा उल्लेख छ, "हाल निजी तथा सार्वजनिक गुठी अन्तर्गत सञ्चालित विद्यालयहरू नै समस्याग्रस्त रहेको र शैक्षिक गुठी दर्ता तथा सञ्चालन सम्बन्धमा स्पष्टता नभएको अवस्था विद्यमान छ । प्रस्तावित विधेयकले ५ वर्षभित्रमा निजी लगानीका विद्यालयले आफ्ना सम्पूर्ण दायित्व फर-फारक गरी शैक्षिक गुठीमा रूपान्तरित हुनु पर्ने लगायतका बाध्यात्मक प्रावधान समावेश गरिनु संविधानको भावना विपरित, अव्यवहारिक र दुराशययुक्त रहेको स्पष्ट देखिन्छ ।"

"सो सम्बन्धी सम्बन्धित निकायमा ध्यानाकर्षण गराउँदा समेत कुनै ठोस निकास प्राप्त नभएको खण्डमा केन्द्रीय कार्यसमितिले आफ्ना माग पुरा नभएसम्मका लागि देशैभरीका कम्पनी, निजी गुठी तथा सार्वजनिक गुठी अन्तर्गत सञ्चालित विद्यालयहरू बन्द गरी अगाडि बढ्ने निर्णय गरी निर्देशन दिए पश्चात यस पालिका अन्तर्गतका विद्यालयहरू केन्द्रको निर्देशन प्राप्त हुनसाथ बन्द हुने विषय ध्यानाकर्षणका लागि अनुरोध गर्दछौं ।" पत्रमा उल्लेख छ । थाहानगरमा १० वटा संस्थागत विद्यालयमा करिव ३ हजार ५ सय विद्यार्थी अध्ययनरत छन् ।

# विद्यावारिधि र स्नातकोत्तर अध्यापन चित्लाङमै शुरु गरिने

◆ विकास संवाददाता



मकवानपुरको चित्लाङमा स्थापना भएको मदनभण्डारी विश्वविद्यालयले शुरूमा विद्यावारिधि र स्नातकोत्तरबाट आफ्नो कार्यक्रम शुरू गर्ने जनाएको छ । २२ साउनमा ललितपुरमा आयोजित एक कार्यक्रममा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री अशोक राईले विश्वविद्यालयको उद्घाटन गरेका छन् ।

पहिलो चरणमा अर्गानिक एग्रिकल्चर, फरेस्ट बायोमेटेरियल इन्जिनीयरिङ, आर्टिफिसियल इन्टेलिजेन्स र डेटा साइन्समा स्नातकोत्तर कार्यक्रम शुरू गर्ने विश्वविद्यालयका अध्यक्ष प्राध्यापक राजेन्द्रध्वज जोशीले बताए । "हाम्रो नीति भनेको विद्यार्थीसँग शुल्क नलिने बरू उल्टै महीनाको २०-२५ हजार छात्रवृत्ति दिने हो," जोशीले भने, "त्यसका लागि चाहिने ठूलो धनराशि जुटाउने कसरतमा छौं ।"

विश्वविद्यालयले गर्ने सबै अनुसन्धान कुनै औद्योगिक समस्यामाथि केन्द्रित गर्ने लक्ष्य राखिएको जोशीले बताए। औद्योगिक प्रायोजनको खाकामा अघि बढ्ने नीति अनुसार लार्के हिमाल जडीबुटी उद्योगसँग एक जना विद्यावारिधि र एक जना स्नातकोत्तरका विद्यार्थीलाई छात्रवृत्तिका लागि सम्झौता गरिएको बताए। उद्योगलाई चाहिने 'रिसर्च एन्ड डिजाइन' को काम विश्वविद्यालयले गर्ने जनाइएको छ । "नेपालमा राजनीतिक दबाबले काम गर्न दिएन भन्ने सुनिन्छ तर यो विश्वविद्यालयको हकमा त्यो देखिंदैन। काम गर्न धेरै सहज छ," जोशीले भने, "कानूनी तथा शासकीय संरचनाको हिसाबले विश्वविद्यालय ुपरफेक्टु छ। संसारका १०० वटा राम्रा विश्वविद्यालयमा एउटा बन्ने हाम्रो ध्येय हो ।"

उद्घाटन कार्यक्रममा विश्वविद्यालय बारे जानकारी दिंदै ट्रस्टी प्राध्यापक सुदर्शनराज तिवारीले कृषि अर्थतन्त्र हुँदै औद्योगिक अर्थतन्त्र पार गरेर ज्ञान अर्थतन्त्रमा संसार पुगिसकेको अवस्थमा मदनभण्डारी विश्वविद्यालयलाई पनि ज्ञान अर्थतन्त्रमा हस्तक्षेपकारी भूमिका निर्वाह गर्नुपर्ने चुनौती र दबाब रहेको बताए । "विश्वविद्यालयले रिसर्च बेस्ड एजुकेशनलाई जोड दिने कार्यक्रम अघि सारेको छ," तिवारीले भने, "यसले अनुसन्धान मार्फत ज्ञान निर्माण जोड दिनेछ ।"

त्यस्तै, अर्का बोर्ड अफ ट्रस्टी पदम ज्योतिले नयाँ विश्वविद्यालयको आवश्यकता र स्थायित्वबारे धारणा राखेका थिए। सिंगापुर न्याशनल विश्वविद्यालयका प्रोफेसर श्रीराम रामकृष्णाले मदन भण्डारी विश्वविद्यालयको सान्दर्भिकता र भूमिकाबारे कार्यपत्र प्रस्तुत गरेका थिए ।

# हेटौंडा उपमहानगरले वडामै प्राविधिक र लेखाको कर्मचारी व्यवस्थापन गर्ने

◆ विकास संवाददाता

हेटौंडा उपमहानगरपालिकाले पालिकाबाट प्रदान गर्दै आएको सेवा वडातहबाट प्रवाह गर्न आवश्यक जनशक्ति व्यवस्थापनमार्फत् सेवा छिटोछरितो बनाउने अभियानलाई तीव्रता दिएको छ । पालिकाले अब २० लाख रूपियाँ बराबरको योजनालाई वडातहबाट लागत इस्टिमेट तयार, सम्झौता, कार्य अनुगमन तथा मूल्याङ्कन गरी फछ्र्यौटसम्म गर्ने गरी प्राविधिक र लेखाको कर्मचारी व्यवस्थापन गर्न लागेको मेयर मिना कुमारी लामाले बताइन् ।

आर्थिक वर्ष २०७८/०७९ सम्म पाँच लाख रूपियाँ बराबरको योजना वडाबाट फछ्र्यौट गर्ने अधिकार प्रदान गर्दै आएको पालिकाले गत आव २०७९/०८० देखि उक्त अधिकारलाई २० लाख रूपियाँसम्म बढाएको थियो । त्यससंगै प्राविधिक जनशक्ति व्यवस्थापन गरेको पालिकाले चालु आबदेखि लेखाको कर्मचारीसमेत वडावडामा पठाउन लागेको हो । २४ साउनमा बसेको ३० औं कार्यपालिका बैठकले खर्च केन्द्र सम्बन्धी जनशक्ति व्यवस्थापन गर्ने प्रतिबद्धता जनाएको हो। यस अन्तर्गत् पालिकाले अब कम्तिमा दुईवटा वडाको लेखा व्यवस्थापन गर्ने गरी एक जना लेखा अधिकृतको व्यवस्थापन गर्ने पालिकका प्रवक्ता सविन न्यौपानेले जानकारी दिए। उनका अनुसार यसलाई क्रमशः बढाएर १९ वटै वडामा एक/एक जना लेखाको कर्मचारी व्यवस्थापन गरिनेछ ।

'सिंहदरबारको अधिकार गाउँगाउँमा' भन्ने गणतन्त्र स्थापनापछिको नारालाई सार्थक बनाउन यसले ठूलो भूमिका खेल्ने प्रवक्ता न्यौपानेले बताए। 'वडामा प्राविधिक र लेखाको कर्मचारी व्यवस्थापनसंगै योजनाहरूको लागत इस्टिमेट तयार, सम्झौता, अनुगमन, कार्य सम्पन्नपश्चात् मूल्याङ्कन र भुक्तानीसमेत वडाबाटै हुन्छ', प्रवक्ता न्यौपानेका अनुसार योजनाको भुक्तानीको लागि धेरैपटक नगरपालिका धाउनुपर्ने बाध्यताबाट वडाबासीहरू मुक्त हुने भएका छन् ।

यससंगै बैठकले २०७३ फागुनसम्म नगरपालिका कार्यालयबाट साविक १ देखि ११ नम्बर वडाबाट उपलब्ध गराइएका सिफारिसहरूको प्रतिलिपिहरूको ढड्डा सम्बन्धित वडाहरूमा पठाउने निर्णय गरेको छ । यसले साविक गाविसबाट नगरमा मिसिएका र स्थान परिवर्तन भएका वडाहरूको प्रतिलिपि लिन पालिका गएर ढड्डा उतार गरिरहनुपर्ने झन्झटको अन्त्य भएको प्रवक्ता न्यौपानेले बताए । चालु आवको स्थानीय दररेट विश्लेषण स्वीकृत गरेको बैठकले २० लाख रूपियाँभन्दा ठूलो परियोजनाहरूमा दुई प्रतिशत कन्टेन्जेन्सी रकम राख्ने, शिक्षा समन्वय इकाई बसेको सिद्धार्थ माविको भवन खाली गर्न पत्राचार गर्ने र पालिकामा सेवा करारमा कार्यरत् कर्मचारीहरूको बीमा गर्ने निर्णय गरेको छ ।

यसैगरी, आवधिक योजना तयार गर्ने लागेको हेटौंडा उपमहानगरले उक्त कार्यलाई सहजीकरण गर्न कार्यदल गठन गर्ने सैद्धान्तिक सहमति दिने निर्णय गरेको प्रवक्ता न्यौपानेले बताए ।

# गाँजाको विकल्पमा कफी खेती गर्न सम्झौता

◆ विकास संवाददाता

अबैध गाँजा तथा अफिम खेतीको बिकल्पमा कफीखेती गर्ने सम्झौता पत्रमा हस्ताक्षर सम्पन्न भएको छ । २५ साउनमा ईलाका प्रहरी कार्यालय मनहरीमा, बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडा र जिल्ला प्रहरी कार्यालय मकवानपुरको समन्वय तथा सहकार्यमा समुदाय प्रहरी साझेदारी अवधारणा अनुरूप सम्झौता पत्रमा हस्ताक्षर भएको हो ।

मकवानपुरको अवैध गाँजा तथा अफिमखेतीलाई वैकल्पिक नगदेवाली तर्फ आकर्षित तथा प्रोत्साहन गर्दै कफीखेतीमार्फत किसानको आयआर्जन एवं जीवनस्तर उकास्ने अभिप्रायले कार्यक्रम गरिएको हो । राक्सिराङ गाउँपालिका अध्यक्ष राजकुमार मल्ल र मास्के मल्टीपर्पोज एग्रिकल्चर एन्ड रिसर्च प्रा.लि.का कार्यकारी निर्देशक धनबहादुर श्रेष्ठबीच चालु आर्थिक वर्ष २०८०/८१ मा ३ लाखवटा कफीका तयारी विरूवा निःशुल्क रूपमा उपलब्ध गराउने सम्झौता भएको हो ।

गाउँपालिका र प्रालिबीच सम्झौतापत्रमा हस्ताक्षर भएको हो । र ाक्सिराङ गाँउपालिकाका अध्यक्ष मल्लको अध्यक्षतामा बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाका प्रमुख प्रहरी नायब महानिरीक्षक किरण राणाको प्रमुख आतिथ्यमा कार्यक्रम भएको हो । प्रहरी वरिष्ठ उपरीक्षक दीपक रेग्मी, राक्सिराङ गाँउपालिका उपाध्यक्ष वनस्थम थिङ, जिल्ला प्रहरी कार्यालय मकवानपुर का प्रमुख प्रहरीउपरीक्षक सीताराम रिजाल, सञ्चारकर्मीलगायतको उपस्थिति सम्झौता भएको हो ।

अब हाम्रै थाहानगरको ओखरबजारमै
छपाईको शुभारम्भ
फ्लेक्स प्रिन्ट

काठमाण्डौं, हेटौंडा धाउनै पर्दैन...
अत्याधुनिक नयाँ मेसीनद्वारा १ घण्टा भित्र बोर्ड,ब्यानर तयार
AARAV creation
DESIGN FLEX PRINT PHOTOGRAPHY
Thaha-1, Okharbazar, 9855068340/9802068340
हाम्रा अन्य सेवाहरू
- फ्लेक्स प्रिन्ट (ब्यानर/साइनबोर्ड)
- होर्डिङ बोर्ड/स्टिकर प्रिन्ट/
- फ्लेक्स फोटो/मायाको चिनो तयारी
- प्रमाण-पत्र/कदर-पत्र/प्रशंसा पत्र तयारी
- कार्यक्रमको ब्याच तयारी
- विभिन्न डिजाइनका फ्रेमिङ
- फोटो स्टुडियो/पि.भि.सी. कार्ड
9855068340/9802068340

# थाहानगरमा कर शिक्षा कार्यक्रम



◆ विकास संवाददाता

आन्तरिक राजस्व कार्यालय हेटौंडा तथा थाहा नगरपालिकाको आयोजना र पालुङ बहुउद्देश्यीय सहकारी संस्था, थाहा उद्योग वाणिज्य संघको समन्वयमा थाहा नगरका सहकारी संस्था,व्यवसायी तथा निजि विद्यालयका प्रतिनिधि हरूलाई आन्तरिक राजश्व कार्यालय हेटौडाका अधिकृतबाट कर शिक्षा कार्यक्रम सम्पन्न भएको छ ।

पालुङ बहुउद्देश्यीय सहकारीको सभाहलमा थाहा नगरपालिकाका प्रमुख बिष्णु बिष्टको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा नगर उपप्रमुख भरत गोपाली थाहा नगर उद्योग वाणिज्य संघका सभापति कविराज खत्री,थाहा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत कृष्ण गिरी, आन्तरिक राजस्व कार्यालयका कर अधिकृत गुणराज भण्डारी ,घरेलु तथा साना उद्योग कार्यालय मकवानपुरका लेखराज राउत,पालुङ बहुउद्देश्यीय सहकारीका कार्यबाहक अध्यक्ष अरूण रायमाझी लगायतका उपस्थिति रहेको थियो ।

कार्यक्रममा संघका अध्यक्ष कबिराज खत्रीको सभापतित्वमा सञ्चालित कार्यक्रममा प्रमुख अतिथि थाहा नगरपालिका प्रमुख बिष्णु बहादुर बिष्टले सरकार सञ्चालनको मेरूदण्ड राजश्व नै रहेको हुँदा सबै व्यवसायीहरूलाई इमान्दारिताका साथ करको दायरमा आउन आग्रह गरे ।

कार्यक्रममा थाहा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत कृष्ण गिरी, आन्तरिक राजश्व कार्यालयका कर अधिकृत गुणराज भण्डारीले सहजीकरण गरेका थिए ।

कार्यक्रममा थाहा नगरपालिकाका उपप्रमुख भरत गोपाली, पालुङ बहुउद्देश्यीय सहकारी संस्थाका कार्यवाहक अध्यक्ष अरूण रायमाझीलगायतले मन्तव्य व्यक्त गरे ।

# थाहा नगरपालिकामा शिक्षक महासंघको धर्ना

◆ विकास संवाददाता



नेपाल सरकारद्वारा प्रस्तावित विद्यालय शिक्षा विधेयकका विभिन्न बुँदाहरूको विरूद्धमा नेपाल शिक्षक महासंघले थाहा नगरपालिकाको कार्यालयमा धर्ना दिएको छ । महासंघका पदाधिकारीहरू, विभिन्न शिक्षक संघ-संगठनका प्रतिनिधि, शिक्षक, विद्यालय कर्मचारी, बालविकास सहजकर्ता लगायतको उपस्तिथिमा धर्ना कार्यक्रम गरिएको हो ।

महासंघको नगर अध्यक्ष राजाराम कार्कीको सभाध्यतामा भएको धर्ना कार्यक्रममा केन्द्रीय सदस्य गीता कार्की, जिल्ला सदस्य कृष्णबहादुर बिष्ट, दिपक कार्की, नेपाल राष्ट्रिय शिक्षक संगठन, अखिल नेपाल शिक्षक संगठन, नेपाल शिक्षक संघ, अखिल नेपाल शिक्षक संघका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो । धर्ना कार्यक्रममा शिक्षक महासंघ थाहानगर अध्यक्ष कार्कीले प्रस्तावित विद्यालय शिक्षा ऐनमा यसअघिको ३० बुँदे र ५१ बुँदे सहमतिलाई बेवास्ता गरिएकोले आन्दोलनमा जानु परेको उल्लेख गरे ।

सबैको माग सम्बोधन हुने गरी प्रस्तावित विधेयक ल्याउन नेपाल सरकारलाई आग्रह गर्दै महासंघले नगर पालिकासमक्ष माग पत्रसमेत पेश गरेको छ । पत्र नगरपालिकाको तर्फबाट शिक्षा शाखा प्रमुख माधवबिक्रम मल्लले बुझेका थिए ।

पहिलो चरणको आन्दोलनको क्रममा पालिकाहरूमा धर्ना दिएर माग पत्र पेश गरिएको शिक्षक महासंघले जनाएको छ । दोस्रो चरणमा भने नयाँ संघीय शिक्षा ऐनको मस्यौदा संसदमा दर्ता भएको पाँचौं दिनबाट देशभरिका शिक्षक तथा कर्मचारी उपस्थित भई काठमाडौँमा लगातार वृहत् विरोध प्रदर्शन गर्ने तयारी महासंघको छ ।

# युवा संघ थाहानगर कमिटीको अधिवेशन ८ भदौमा हुने




◆ विकास संवाददाता

नेकपा एमालेको भातृ संगठन राष्ट्रिय युवा संघ नेपाल थाहानगर कमिटीको अधिवेशन ८ भदौमा हुने भएको छ । केन्द्रीय सर्कुलर अनुसार मकवानपुर स्थित राष्ट्रिय युवा संघ नेपाल थाहा नगर कमिटीको शनिबार होटल गंगामा बसेको बैठकले अधिवेशनको मिति तय गरेको हो । संघका उपाध्यक्ष रूपेश श्रेष्ठको अध्यक्षतामा बसेको बैठकले सुमन रायमाझीको संयोजकत्वमा अधिवेशन आयोजक कमिटी गठन गरेको छ ।

कमिटीको सहसंयोजकमा रूपेश श्रेष्ठ, सचिव रामचन्द्र खत्री, आर्थिक विभाग प्रमुख बिक्रम श्रेष्ठ चयन भएको छ । सचिवालय सदस्यहरूमा सुबिन्द्रमान प्रधान, देबेन्द्र थोकर, भाइकाजी बलामी, प्रविण घलान चयन भएका छन् ।

बैठकमा प्रमुख अतिथि युवा संघका केन्द्रीय सदस्य तथा लुम्बिनी प्रदेश अन्तर जिल्ला उत्प्रेरक जयराम डिमडुङ, अतिथिहरू नेकपा एमाले जिल्ला कमिटी सदस्य तथा नगर सह-इञ्चार्ज सुरेन्द्रमान प्रधान, युवा संघ केन्द्रीय सदस्य तथा थाहानगर उत्प्रेरक दिलमाया घर्तीले संगठनले आगामी दिनमा गर्नु पर्ने कार्यहरूका विषयमा प्रष्ट पार्दै आगामी अधिवेशनलाई भव्य रूपमा सम्पन्न गर्न खेल्नु पर्ने भूमिकाहरूको बारेमा स्पष्ट पारिन् ।

# दामन भ्यु टावर पुनः सञ्चालनको तयारी

◆ विकास संवाददाता



कोभिड-१९ को महामारीसँगै बन्द भएको नेपालको प्रमुख पर्यटकीय गन्तव्यमध्येको एक मकवानपुरको दामनमा रहेको दृश्यावलोकन स्तम्भ पुनः सञ्चालनको तयारी गरिएको छ । २०१३ सालतिर त्रिभुवन राजपथ निर्माण गर्ने क्रममा निर्माण गरिएको ऐतिहासिक महत्वसमेत रहेको दृश्यावलोकन स्तम्भ (दामन भ्यु टावर) उचित व्यवस्थापनको अभावमा यति बेला दुरवस्थामा पुगेको छ । रिसोर्टसहितको भ्यु टावर एन्ड दामन रिसोर्ट निजी क्षेत्रलाई ठेक्कामा सञ्चालन गर्न दिएकामा कोभिड-१९ को महामारी देखाउँदै बिचमा नै ठेक्का तोडेपछि पछिल्लो समय लथालिङ्ग अवस्थामा पुगेको हो । भ्यु टावरमा रहेको दामन रिसोर्ट भने पूर्णतः बन्द रहेको छ ।

थाहा नगरपालिकाले अव्यवस्थित र बन्दप्रायः अवस्थामा रहेको भ्यु टावर एन्ड दामन रिसोर्ट पुनः सञ्चालनमा ल्याउने तयारी थालेको छ । निजी क्षेत्रले ठेक्कामा लिएर बिचमा नै छाडेको भ्यु टावर पुनः ठेक्कामार्फत सञ्चालनमा ल्याउन नगरपालिकाले प्रक्रिया अगाडि बढाएको हो ।

थाहा नगरपालिका उपप्रमुख भरत गोपालीले ऐतिहासिक र पर्यटकीय महत्वको सम्पदा भएकाले ठेक्कामा दिएर सञ्चालनमा ल्याउन प्रक्रिया अगाडि बढाइएको जानकारी दिए ।

छोटा समय ठेक्कामा दिँदा नआउने भएको २० वर्षका लागि ठेक्कामा दिने गरी बोलपत्र आह्वान भएको बताउँदै उनले यथास्थितिमा चल्ने अवस्था नरहेको बताए । "कोभिड-१९ को महामारीसँगै बन्द भएको थियो," उनले भने, "लथालिङ्ग अवस्थामा छ, यथास्थितिमा चलाउन दिने अवस्था छैन ।" नगरपालिकाले रिसोर्ट २० वर्ष अवधिका लागि एक करोड रूपियाँमा ठेक्कामा लगाउने गरी ३० दिने बोलपत्र आह्वान गरेको छ ।

थाहा नगरपालिकाले भ्यु टावर मात्र रेखदेख र सञ्चालन गर्ने गरी कर्मचारी राखे पनि उचित व्यवस्थापन र प्रचारप्रसारको अभावमा पछिल्लो समय फाटफुट मात्र पर्यटक पुग्ने गरेका छन् । भ्यु टावरमा रहेको टेलिस्कोपबाट पालुङ उपत्यका र वरपरका प्राकृतिक दृश्यसँगै विश्वको सर्वोच्च शिखर सगरमाथा, अन्नपूर्ण, गणेश, मकालुलगायतका हिमालको दृश्यावलोकन गर्न सकिन्छ । भ्यु टावर मा प्रवेश शुल्क स्थानीयलाई २०, नेपालीलाई ३० र विदेशी नागरिकलाई ५० रूपियाँ निर्धारण गरिएको छ



समयमै व्यक्तिगत घटना दर्ता गरौं।

थाहा नगरपालिका
इन्द्रायणी चौर, मकवानपुर
पञ्जीकरण शाखा




जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्मेको ३५ दिन भित्रै आफ्नो स्थानीय तहमा गई दर्ता गरौं । जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् । जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो । बसाई सराई गर्दा व्यक्ति आफू मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ ।

# १ सय १७ जनाले पाए जन्मको आधारमा नागरिकता

◆ विकास संवाददाता

जिल्ला प्रशासन कार्यालय मकवानपुरले जन्मको आधारमा नेपाली नागरिकता प्राप्त गरेका नागरिकका सन्तानलाई वंशजको आधारमा नागरिकता प्रदान गर्न थालेको छ । हालसम्म मकवानपुर प्रशासनबाट जन्मको आधारमा नागरिकता लिएका एक सय १७ जना नागरीकका सन्तानले नेपाली नागरिकता लिएको प्रशासकीय अधिकृत आशाबहादुर थिङ लामाले बताए ।

अधिकृत लामाका अनुसार हालसम्म मकवानपुरमा जन्मको आधारमा नागरिकता लिएका नागरिकका सन्तानलाई बंशजको आधारमा ५० जना महिला र ६७ जना पुरूषले नागरिकता लिएका हुन् । मकवानपुरमा आमाको नाममा एक जना महिलाले नागरीकता लिएको लामाले बताए । आर्थिक वर्ष २०७९/२०८० मा जन्मको आधारमा नेपाली नागरिकत प्राप्त गरेका नागरिकका सन्तानलाई वंशजको आधारमा एक सय १२ जनाले नागरिकता पाएका थिए भने यो महिना थप पाँच जनाले नागरिकता लिएको अधिकृत लामाले बताए ।

जन्मको आधारमा नागरिकता लिएको नागरिकका सन्तानले बंशजको नागरिकता लिनको लागि बावु र आमाको नागरिकता, जन्म दर्ता, स्थायी बसोवास खुल्ने कागजातहरू, मतदाता परिचयपत्र वा जग्गाधनी प्रमाणपुर्जा वा सरसफाई परिचयपत्र वा बिजुली/खानेपानीको महसुल तिरेको बिल वा नेपालमा अध्ययन गरेका शैक्षिक प्रमाणपत्र, नाता प्रमाणित लगायतका कागजात आवश्यक पर्ने उल्लेख छ ।

नेपाल नागरिकता ऐन २०६३ (संसोधन) बमोजिम जन्मको आधारमा नागरि कता लिएका नागरिकका सन्तानलाई वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्न जिल्ला प्रशासन कार्यालय मकवानपुरद्वारा सूचना जारी भएको थियो ।

## पुँजीगत भन्दा ... .. .

करोड ८४ लाख ३१ हजार ३ सय ४३ रूपैयाँ खर्च भएको छ । वडाहरूमा सबैभन्दा बढि वित्तिय प्रगती हासिल गर्नेमा वडा नम्बर ६ र सबैभन्दा कमजोर वडा नम्बर १० रहेको छ ।

यस अन्तर्गत वडा नम्बर १ ले ९६.०५ प्रतिशत, वडा नम्बर २ ले ९८.५७ प्रतिशत, वडा नम्बर ३ ले ९१.१९ प्रतिशत, वडा नम्बर ४ ले ९८.२४ प्रतिशत, वडा नम्बर ५ ले ९७.३८ प्रतिशत, वडा नम्बर ६ ले ९९.०८ प्रतिशत, वडा नम्बर ७ ले ९०.१९ प्रतिशत, वडा नम्बर ८ ले ९१.४४ प्रतिशत, वडा नम्बर ९ ले ९०.८ प्रतिशत, वडा नम्बर १० ले सबभन्दा कम ८६.४ प्रतिशत, वडा नम्बर ११ ले ९२.९३ प्रतिशत र वडा नम्बर १२ ले ९०.१७ प्रतिशत खर्च गरेको समिक्षामा जानकारी दिइएको छ । थाहा नगरपालिकाले आफ्नो मासिक आम्दानी खर्च पालिकाको आधिकारिक वेवसाइट र फेसबुकपेज मार्फत सार्वजनिक गर्ने गरिएको लेखा अधिकृत हरि बहादुर खपाङ्गी मगरले जानकारी दिए । 'हामी मासिक आम्दानी खर्च प्रत्येक महिनाको पहिलो साता सार्वजनिक गर्छौं, सञ्चार माध्यमहरूले प्रचार गरिदिने गर्नुभएको छ वहाँहरूलाई धन्यवाद'–समिक्षा कार्यक्रममा भने । मकवानपुरमै शतप्रतिशत विद्युतीय भुक्तानी अपनाउने गरेको बताउँदै खपाङ्गीले वित्त व्यवस्थापनमा अधिकतम सूचना प्रविधिको प्रयोग गरिएको जानकारी दिए । प्रणालीमा कार्यसम्पादन गर्दा तालुक निकायहरूमा विवरण पठाउन र श्रेस्ता व्यवस्थि तगर्न सहयोग मिलेको उनको भनाइ रहेको थियो । पालिकाको खरिद प्रणालीलाई थप व्यवस्थित बनाउन सके बेरूजू न्यनिकरणमा समेत सहयोग पुग्ने उनको भनाइ रहेको थियो ।

**सुशासन कायम गरौं !**

– सार्वजनिक सेवा प्रवाह गर्दा सम्बन्धित व्यक्ति र निकाय जिम्मेवार बनौं ।
– विकास निर्माणका कार्यमा नागरिक निगरानी बढाऔं ।
– विकास योजना तर्जुमा, कार्यान्वयन र अनुगमनको प्रकियामा जनसहभागिता जुटाऔं ।
– सार्वजनिक सेवालाई सरल, पारदर्शी र जवाफदेही बनाऔं ।
– सार्वजनिक सेवा तथा विकास निर्माणबारे सूचनाको हक प्रयोग गरी जानकारी मागौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

**थाहा नगरपालिकाको सार्वजनिक सूचना ।**

➢ नयाँ निजि तथा सार्वजनिक भवनहरु निर्माण गर्नु अगाडि अनिवार्य रुपमा पालिकाको कार्यालयमा गई नक्सा पास गरौं ।
➢ भवन मापदण्डको पालना गरौं, सुरक्षित भविष्य सुनिश्चित गरौं।
➢ घटना घटेको ३५ दिन भित्रमा नि:शुल्क रुपमा व्यक्तिगत घटना दर्ता गरौं ।
➢ समयमा नै कर तिरौं, नागरिक कर्तव्यको परिपालना गरौं ।
➢ सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले आ–आफ्नो वडा कार्यालयमा गई नाम दर्ता र विवरण अद्यावधिक गरौं ।
➢ बाल विवाह अन्त्य गरौं, बाल श्रम निर्मुल गरौं ।

थाहा नगरपालिका
नगर कार्यपालिका कार्यालय
इन्द्रायणी चौर, मकवानपुर

**कृषकहरुका लागि जनहितमा जारी सन्देश**




❍ कृषि तथा पशु बिमा गरौं, व्यवसायमा हुने जोखिमबाट बचौं ।
❍ कृषिमा विषादी न्यूनीकरण गर्न आइपीएम प्रणाली अपनाऔं ।
❍ बेलाबेलामा खेतबारीको माटो परिक्षण गराई खेतिपाती गरौं ।
❍ घाँसमा आधारित पशुपालन गरौं, उत्पादन लागत घटाऔं ।
❍ जैविक र प्राङ्गारिक खेतीमा जोड दिऔं, उत्पादन बढाऔं ।
❍ घरपालुवा कुकुर र बिरालोलाई नियमित खोप लगाऔं, रेबिजबाट बचौं ।
❍ पशुलाई ६/६ महिनामा जुकाविरुद्ध औषधि खुवाऔं, पशुजन्य उत्पादन बढाऔं ।
❍ पशुलाई कुनै रोग लागेमा उपचारका लागि नजिकैको पशुसेवा केन्द्रमा सम्पर्क गरौं ।

थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणी चौर, मकवानपुर

**राष्ट्रिय खोप-तालिका**

| पटक/भेट | कुन उमेरमा | कुन खोप |
|---|---|---|
| १ | जन्मने वितिकै | बि. सि. जी. |
| २ | ६ हप्तामा | रोटा<br>पोलियो<br>पि. सि. भी.<br>डि.पि.टी.-हेप बी-हिब |
| ३ | १० हप्तामा | रोटा<br>पोलियो<br>पि. सि. भी.<br>डि.पि.टी.-हेप बी-हिब |
| ४ | १४ हप्तामा | पोलियो<br>एफ.आई.पि.भी.<br>डि.पि.टी.-हेप बी-हिब |
| ५ | ९ महिनामा | एफ.आई.पि.भी.<br>पि.सि.भी.<br>दादुरा-रुबेला |
| ६ | १२ महिनामा | जापानिज इन्सेफलाइटिस |
| ७ | १५ महिनामा | दादुरा-रुबेला<br>टाइफाइड |

खोप लगाएता पनि सधै सरसफाईका सबै व्यवहारहरुको पालना गरौं ।

खोप नि:शुल्क पाइन्छ | खोप सुरक्षित छ | खोपले जीवन रक्षा गर्छ

थाहा नगरपालिका

● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : श्रीया अफसेट प्रेस हेटौंडा ● कार्यालय : थाहा-४, मकवानपुर ● इमेल: bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी